थाहानगरका लघुवित्त पीडितहरु आन्दोलित । पृष्ठ ४ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१५, ● अंक-३३ ● २०७९ फागुन १५ गते सोमबार, ● 27 Feb. 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## चित्लाङमा होटल तथा पर्यटन व्यवसायी संघको प्रदेशस्तरीय अधिवेशन हुने

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका-९ चित्लाङमा होटल तथा पर्यटन व्यवसायी संघ बागमती प्रदेश समितिको अधिवेशन हुने भएको छ । १७ फागुनमा चित्लाङमा अधिवेशन गर्न लागिएको होटल तथा पर्यटन व्यवसायी संघ बागमती प्रदेशले जनाएको छ । अधिवेशनले नयाँ नेतृत्व समेत चयन गर्नेछ ।

अधिवेशनमा बागमती प्रदेशका १३ जिल्लाका प्रतिनिधि, पर्यवेक्षक तथा अतिथि लगायत गरी २ सय जना जति सहभागी हुनेछन् । अधिवेशनको उद्घाटन बागमती प्रदेशका मुख्य मन्त्री शालिकराम जम्मरकटेलले गर्ने तय भएको छ भने प्रदेशका पर्यटन मन्त्री समेत अधिवेशनको उद्घाटन सत्रमा सहभागी हुनेछन् । चित्लाङमा हुने अधिवेशन सफल बनाउन स्थानीय व्यवसायी पनि उत्साहित देखिएका छन् ।

चित्लाङ रिसोर्टमा ११ फागुनमा भएको तयारी बैठक समेत बसेको छ । चित्लाङमा दर्जनौ होम स्टे र रिसोर्टहरू सञ्चालनमा छन् । चित्लाङका व्यवसायीले अधिवेशनमा सहभागी हुन आउने पाहुनाहरूलाई एक छाकको खाना र एक रातको आवास निःशुल्क उपलब्ध गराउने भएका छन् । अधिवेशनलाई सफल बनाउन आवश्यक अन्य सहयोग गर्ने प्रतिबद्धता व्यवसायीहरूले जनाएका छन् ।

चित्लाङ सामुदायिक होम स्टेका सल्लाहकार बुद्धरत्न मानन्धरले चित्लाङको प्रचारसँगै स्थानीय संस्कृतिको प्रबर्द्धन गर्ने महत्वपूर्ण अवसरको रूपमा यो अधिवेशनलाई लिएको बताए । 'चित्लाङमा भएका रिसोर्ट मात्रै संघमा सदस्य छन्, होम स्टे व्यवसायीहरूको छुट्टै संगठन छ । तर गाउँमा हुन लागेको कार्यक्रम सफल बनाउन सबै पक्षले सहयोग गर्ने सहमति भएको छ,' उनले भने, 'करोड खर्च गरेर पनि एकैपटक १३ जिल्लाका मानिस चित्लाङ ल्याउन सकिन्न, हामीले यसलाई अवसरको रूपमा लिएका छौं । चित्लाङको संस्कृति प्रबर्द्धन गर्न र यसको प्रचारका लागि कार्यक्रम फलदायी हुने अपेक्षा छ ।'

अधिवेशनमा चित्लाङका विभिन्न समुदायको सांस्कृतिक नाच पनि देखाउने तयारी गरिएको उनले बताए । कार्यक्रमको दिन नेवार समुदायको मारूनी नाच, लाखे नाच, तामाङ समुदायको सोरठी, कुस्ले बाजा, गोपाली समुदायको ख्याक र ली नाच र पर्वते समुदायको खैंजडी भजन प्रदर्शन गर्ने र त्यसको शुल्क पनि नलिने निर्णय भएको उनको भनाइ छ ।

## थाहानगरको वित्तिय प्रगती प्रशित

# पुँजीगतको दोब्बर चालु खर्च

विकास संवाददाता
थाहानगर

मकवानपुर थाहा नगरपालिकाको सात महिनाको वित्तिय प्रगती ३१ प्रतिशत रहेको छ । नगरपालिकाले चालु आर्थिक वर्ष २०७९/०८० को माघ मसान्तसमको आम्दानी खर्चको विवरण आफ्नो आधिकारिक वेभसाइट मार्फत सार्वजनिक गरेको छ । सुत्र प्रणालीको सार्वजनिक आयव्ययको विवरण अनुसार सात महिनाको प्रगती ३१.१ प्रतिशत रहेको छ ।



चालु आर्थिक वर्षका लागि विनियोजित १ अर्ब १७ करोड २ लाख १२ हजार ८ सय ६२ मध्ये ३६ करोड ४० लाख १९ हजार ५३० रूपियाँ पैसा ८२ खर्च गरेको सार्वजनिक विवरणमा उल्लेख छ । विवरण अनुसार चालु खर्च ४३.७९ र पुँजीगत खर्च २१.६७ प्रतिशत रहेको छ । गत असारमा भएको ११ औं नगरसभाबाट विनियोजित बजेटबाट पालिकाले चालु आर्थिक वर्षमा विकास निर्माणका कमहरू संचालन गरिरहेको छ ।

पालिकाले चालु खर्चतर्फ विनिजयोजन गरेको ३९ करोड ९३ लाख ९२ हजार १ सय बजेट मध्ये २१ करोड ८६ लाख २३ हजार ५२३ रूपियाँ खर्च गरिसकेको छ । त्यस्तै पुँजीगततर्फ विनियोजित ६७ करोड ८ लाख २० हजार ७६२ रूपियाँ मध्ये १४ करोड ५३ लाख ३६ हजार ६ रूपियाँ बजेट खर्च भैसकेको छ । यो बजेट थाहा नगरपालिकालाई प्राप्त हुने वित्तिय समानीकरण, राजश्व बाँडफाँड, सवारी कर, विशेष अनुदान, समपुरक अनुदान तथा आन्तरिक आय सम्मको हो । सार्वजनिक विवरण अनुसार पुँजीगत तर्फ सडक पुलका लागि विनियोजित बजेटको १६ प्रतिशत मात्र खर्च भएको छ । पालिकाको पुँजीगत तर्फका शीर्षकहरू मध्ये सबैभन्दा बढि ३० करोड २२ लाख ७५ हजार ६७१ रूपियाँ विनियोजन भएको थियो ।

त्यस्तै अघिल्लोवर्षबाट दायित्व सरेर आएका योजनाहरूको ४१ प्रतिशत बजेट खर्च भएका छन् । खानेपानी संरचना निर्माणमा ८.४२ प्रतिशत बजेट खर्च भएको छ । यि लगायत अन्य पुँजीगत तर्फको खर्च समयका हिसाबले खर्च कमजोर देखिएको छ । पालिकाले तयार गरेको योजना कार्यान्वयन तालिकालाई खर्च विवरण सार्वजनिक गरे अनुसार भेट्न सकेको छैन ।

चालु खर्चतर्फ भने कर्मचारी तलब ५८ प्रतिशत, जनप्रतिनिधि सुविधा ५१, इन्धन ६३ प्रतिशत लगायतको खर्च भएको छ । चालुतर्फको खर्चमा भने नगरपालिका लक्ष अनुसार नै रहेको छ । चालुतर्फको खर्च विवरणले औषत प्रगतिलाई उछिनेको छ । पालिकाले वार्षिक योजना कार्यान्वयन, व्यवस्थापन तथा संचालनका लागि क्यालेण्डर नै बनाई कार्यान्वयन गर्ने गरिएको थियो ।

पालिकाको विभिन्न पाँच विषयगत क्षेत्र मध्ये कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च सबैभन्दा बढि ५३.६७ प्रतिशत बजेट खर्च भैसकेको छ भने सबैभन्दा कम आर्थिक विकासमा ६.८८ प्रतिशत बजेट खर्च भएको छ । आर्थिक विकासमा कृषि, उद्योग, पर्यटन, सहकारी, जलश्रोत तथा सिंचाई र पशु विकास पर्दछन् । दोस्रो बढि खर्च भएको सामाजिक विकासको ३६.५४ प्रतिशत रहेको छ । यस विषय क्षेत्रभित्र शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, भाषा संस्कृति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद र सामाजिक सुरक्षा तथा संरक्षण पर्दछ । पूर्वाधार विकासमा २६.९८ प्रतिशत बजेट खर्च भएको छ भने सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा २०.४६ प्रतिशत बजेट खर्च भएको छ ।

## इन्द्रसरोवर गाउँपालिकाले वडाबाटै गरिब परिचयपत्र बाँड्ने

◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाले गरिब परिचयपत्र वितरण गर्ने भएको छ । पालिका अन्तर्गतको ५ वटै वडा कार्यालयबाट परिचयपत्र वितरण गर्ने सार्वजनिक सूचना गरेको छ ।

भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट गाउँपालिकामा संकलित तथ्याङ्कको विश्लेषण, प्रारम्भिक सूची प्रकाशन तथा गुनासो व्यवस्थापनबाट प्रशोधित तथ्याङ्कको आधारमा मन्त्रालयले गरेको निर्णय अनुसार परिचयपत्र वितरण गर्न लागिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रल्हाद कार्कीले जानकारी दिए । पालिकाले सूचना प्रकाशन गर्दै १ सय १८ परिवारलाई गरिब परिचयपत्र वितरण गर्न लागेको सूची समेत सार्वजनिक गरिएको छ ।

इन्द्रसरोवर गाउँपालिकाले यहि फागुन १५ गतेबाट १९ गतेसम्म पालैपालो ५ वटै वडा कार्यालयबाट परिचय पत्र वितरण गर्न लागिएको प्रमुख प्रशासकीय अधिकृत कार्कीले बताए । पालिकाको सूचना अनुसार फागुन १५ गते वडा नम्बर १ बाट परिचय पत्र वितरण हुनेछ । १६ गते वडा नम्बर २ बाट, १७ गते ३ बाट, १८ गते ४ बाट र १९ गते वडा नम्बर ५ बाट गरिब गरिचयपत्र वितरण गरिने छ ।

## आयोडिनको उपयोगिताका सम्बन्धमा आग्रामा छलफल

◆ विकास संवाददाता

थाहा नगरपालिकाको आग्रा स्वास्थ्य चौकीमा आयोडिनको उपायोगिताको विषयमा छलफल कार्यक्रम भएको छ ।

आयोडिन महिनाको अवसरमा स्वास्थ्य चौकीमा कार्यक्रम भएको हो । प्रत्येक वर्षको अंग्रेजी फेब्रुअरी महिनालाई आयोडिन महिनाको रूपमा मुलुकभर मनाइँदै आएको छ । कार्यक्रम स्वास्थ्य चौकीमा स्वास्थ्य उपचार तथा परामर्शमा आएका महिलाहरूको उपस्थितीमा गरिएको हो ।

सहभागीहरूलाई आग्रा स्वास्थ्य चौकीका प्रमुख लब बहादुर थापा तथा स्वास्थ्यकर्मीहरूले सहजीकरण गरेका थिए । कार्यक्रमका सहभागीहरूलाई आयोडिनयुक्त नुनको प्रयोग, यसका फाइदा लगायतको विषयमा जानकारी गराइएको स्वासथ्य चौकी प्रमुख थापाले जानकारी दिए ।

यस किसिमको कार्यक्रम पालिकाका सबै स्वास्थ्य संस्थामा आयोजना गरिएको थाहा नगरपालिकाका स्वास्थ्य संयोजक मेघराज बलामीले बताए ।



# सम्पादकीय

## लघुवित्तलाई सफल पार्न वित्तिय साक्षरता आवश्यक

लघुवित्त संस्थाका कारण आर्थिक सामाजिक क्षेत्रमा समस्या देखिन थालेका समाचारहरु बग्रेल्ती सार्वजनिक हुन थालेका छन् । समयमै ऋण तिर्न नसक्दा घरमा ताला लगाउनेदेखि ऋणीले आत्महत्या गर्नेसम्मका घटना हुन थालेको भन्दै लघुवित्त व्यवस्थापनको सवालमा राष्ट्रिय बहस भइरहेको छ । यस विषयमा सञ्चार माध्यमदेखि सदनसम्म नै बहस भइरहेको छ । गाउँ–गाउँमा वर्षौंदेखि नै यो समस्या देखिए पनि भर्खरै मात्रै यो विषयमा राष्ट्रिय बहस शुरु भएको छ । उठेको बहसलाई तार्किक निष्कर्षमा पुऱ्याएर लघुवित्तको नियमनलाई प्रभावकारी बनाउने र आम नागरिकमा वित्तीय साक्षरता बृद्धि गर्ने सवाललाई प्राथमिकता दिनु आवश्यक छ, जसको केही शुरुवात भएको पनि छ । आर्थिक सामाजिक क्षेत्रमा देखिएका समस्या उजागर हुन थालेपछि नेपाल राष्ट्र बैंकले लघुवित्त वित्तीय संस्थालाई ऋण लगानीमा कडाइ गरेको छ । केन्द्रीय बैंकले लघुवित्त संस्थाको लागि जारी गरेको एकीकृत निर्देशन २०७८ मा संशोधन गर्दै कर्जा लगानीदेखि कमाएको नाफाबाट लाभांश वितरणमा समेत कडाइ गरेको हो । राष्ट्र बैंकले 'एक ऋणी एक लघुवित्त'को अवधारणा लागु गर्दै अन्य बैंक तथा वित्तीय संस्थाका ऋणीलाई लघुवित्तले ऋण लगानी गर्न नपाउने व्यवस्था गरेको छ । ग्रामीण क्षेत्रका विपन्न वर्गहरुको आर्थिक स्तर उकास्ने मुख्य उद्देश्यका साथ लघुवित्तको अवधारणा आएको हो । विकट क्षेत्रका गरिबहरुलाई उद्यमी बनाउनका लागि यस्ता संस्थाहरुले बिनाधितो ऋण प्रवाह गर्ने गरेकाले आर्थिक सामाजिक रुपान्तरणमा लघुवित्तहरुले महत्वपूर्ण योगदान गरेको यथार्थ हो तर कतिपय लघुवित्तहरु आफ्नै नीतिगत मान्यताविपरीत जान थालेपछि र ऋणीहरुमा पनि आवश्यक वित्तीय चेतनाको अभावमा सामाजिक क्षेत्रमा समस्या देखिन शुरु गरेको हो ।

लघुवित्तको ऋण भनेको निजी सम्पत्तिको धितोमा आधारित नभएर समूह जमानतमा आधारित हुन्छ, त्यसैले यो सामाजिक कारोवार हो । अन्य वित्तीय संस्थाको ऋण तिर्न नसक्दा ऋणीको धितो लिलाम हुन्छ तर लघुवित्तमा ऋण तिर्न नसक्दा ऋणीको सामाजिक प्रतिष्ठा र सम्बन्ध नै लिलाम हुने र अन्ततः यही कारण सामाजिक द्वन्द्व र विखण्डनसमेत शुरु हुने भएकाले ऋण लिने दिने दुबै पक्षमा वित्तीय साक्षरता जरुरी हुन्छ । हरेक ऋणीमा ऋण तिर्नैपर्ने बोध गराउनुपर्छ किनकि कुनै एक व्यक्तिले लिएको ऋण अर्को व्यक्तिले गरेको बचतको रकम हो । लघुवित्तहरु स्वशासित संस्था हुन् । यी संस्थाका संस्थापक, लगानीकर्ता, कर्मचारी र ऋणीहरु समेत सुशासनमा बस्नुपर्छ । पछिल्लो समय लघुवित्तहरु बढी व्यापारमुखी हुँदा पनि समस्या भएको हो । केही सेयर बजारका खेलाडी यसमा पसेर पनि विकृति आएको देखिन्छ ।

चाँडै मुनाफा कमाउने केही लघुवित्तले बजारमा ल्याएको विकृतिले सबै लघुवित्त बदनाम हुने खतरा छ । धेरै लघुवित्तले कर्मचारीलाई निश्चित रकम ऋण लगानी गर्नुपर्ने लक्ष्य तोकिदिने गरेका छन् । कर्मचारीले लक्ष्य भेट्टाउन घर घरमा गएर जसरी पनि सदस्य बनाउने विकृति पनि बढिरहेको छ । कर्मचारीले शिक्षा र सचेतना दिने हो र यसको आधारमा संगठित हुने व्यक्तिलाई कारोबारमा जोडिने हो । यस्तो अवस्थामा एकातिर लघुवित्तहरुको अनुगमन प्रभावकारी बनाउने र अर्कोतिर जनतामा वित्तीय साक्षरता बढाउने नीति लिएर मात्रै यसको सही व्यवस्थापन गर्न सकिनेछ । नत्र भयावह अवस्था सृजना हुनेछ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# बारीमा जाऊँ कि खाडीमा ?



◆ रत्न प्रजापति

'जमिन जोत्नेलाई मालिक बनाउन किसान आन्दोलन, देशको सार्वभौमिकता रक्षाका निम्ति तेस्रो राष्ट्रिय सम्मेलन' नाराका साथ नेपाल क्रान्तिकारी किसान संघको तेस्रो राष्ट्रिय सम्मेलन गत माघ २८ र २९ गते कलैया, बारामा भएको छ । क्रान्तिकारी किसान संघको तेस्रो राष्ट्रिय सम्मेलनको पूर्वसन्ध्यामै देशका केही किसान भने आफ्नो उत्पादनको उचित मूल्य नपाएको भन्दै आन्दोलित भएका थिए । भारतीय तरकारीका कारण स्वदेशी उत्पादनले मूल्य नपाएको भन्दै चितवनका किसानले माघ २० गते शुक्रबार नारायणगढ सडकमा तरकारी फालेर आन्दोलनमा उत्रिएका हुन् । यो आन्दोलन राज्यप्रति असन्तुष्ट किसानहरूको सांकेतिक विद्रोह पनि हो ।

क्रान्तिकारी किसान संघका पदाधिकारी र सदस्यहरूले सार्वभौमिकता रक्षाका नारा लगाइरहँदा असन्तुष्ट र आक्रोशित किसानहरूले भने 'नेपाली किसान मार्न पाइँदैन, विदेशी तरकारी तथा फलफूल चाहिँदैन' भन्ने नारा लगाएका थिए । यो विरोधाभासपूर्ण स्थितिमा क्रान्तिकारी किसान संघको आसन्न राष्ट्रिय सम्मेलनले आफ्नो आवाजलाई कसरी सम्बोधन गर्ला भनेर हेर्न आतुर थिए पीडित किसानहरू । कहिले उचित मूल्य नपाएको झोकमा सडकमै आफ्नो उत्पादन फाल्नुपर्ने, कहिले बिक्री भएको उत्पादनको भुक्तानी नपाएर सडकमै आएर आन्दोलन गर्नुपर्ने ।

यतिले मात्रै नपुगेर तराईदेखि राजधानीसम्म पुगेर सिंहदरबारकै अगाडि माइतीघर मण्डलामा धर्ना बस्नुपर्ने । यस्तो हरिबिजोग सहेर कति दिन किसानहरू कृषिमा टिक्न सक्छन् ? त्यही पिरलो प्रतिबिम्बित भएको छ चितवनका आन्दोलित किसानले बोकेको ब्यानरमा लेखिएको 'बारीमा जाऊँ भविष्य छैन, खाडीमा जाऊँ उमेर छैन' भन्ने नारामा । नारा लयात्मक छ, तर कारूणिक छ । यो मर्मस्पर्शी नाराले सरकारको हृदयलाई चाहिँ छोयो कि छोएन ? सरकारले लज्जाबोध गऱ्यो कि गरेन ? यो मर्मस्पर्शी नाराले आमकिसानको पीडा मात्रै बोलेको छैन, निकम्मा राज्यसंयन्त्रलाई पनि नराम्रोसँग गिज्याएको छ । एउटी आमाले आफ्नो शिशुलाई अनेक दुःखकष्ट सहेर स्याहार–सुसार गरेर हुर्काएजस्तै गरी हुर्काएको–फलाएको तरकारी आफ्नै हातले सडकमा फाल्नुपर्दा ती किसानको मनमा पीडा र औडाहा हुनु स्वाभाविक हो । अनि आफैँले दुःख गरी हुर्काएको–फलाएको उत्पादन सडकमा फालेर राज्यविरूद्ध आन्दोलित हुनुपर्ने परिस्थिति सिर्जना हुनु एकदमै दुर्भाग्यपूर्ण छ । कृषिप्रधान देशमा विदेशी तरकारी ल्याउनुपर्ने परिस्थिति आफैँमा विडम्बनापूर्ण छ । यो विडम्बनाको मुख्य कारण राज्य हो ।

स्वदेशी उत्पादनलाई उचित बजार व्यवस्थापनसम्म पनि गर्न नसक्नु राज्यको ठूलो कमजोरी हो । भन्नलाई कृषिप्रधान देश भनिन्छ नेपाललाई । झन्डै दुईतिहाइ जनसंख्या कृषिमा निर्भर छन् । यति धेरै जनसंख्याको आय र जीवननिर्वाहको स्रोत कृषि भएपछि कृषिको अवस्था अब्बल हुनुपर्ने हो नि । तर त्यस्तो छैन । राज्यले कृषिलाई प्राथमिकतामा राखेको भन्दै सधैं ढाँट्दै आएको छ । त्यसैले कृषिको अवस्था दिनप्रतिदिन खस्किँदै छ । कृषिको अवस्था खस्किएको र कृषिबाट जीवननिर्वाहमात्रै हुने, अरू उन्नति र प्रगति नहुने भएपछि कृषिमा उज्ज्वल भविष्य नदेखेर स्वयम् किसानकै छोराछोरी कृषि छाडेर अरू पेसामा लाग्दैछन् ।धेरै त खाडी मुलुकतिर भासिँदै छन् । कृषिप्रधान देशका लागि यो ठूलो विडम्बना हो । किसानले नै अपनत्व महसुस गर्न नसक्ने कृषि पेसालाई अब नयाँ पुस्ताले ग्रहण गर्ने अपेक्षा गर्नु व्यर्थ छ ।

राज्यले नै सधैं उपेक्षा गर्दै आएकाले कृषि पेसा सधैं उपेक्षित छ । किसानहरू सधैं समस्यामा छन् र पीडामा छन् । यस्तो पीडा कहिले राज्यले दिन्छ, कहिले प्रकृतिले दिन्छ । राज्यले समयमा मल, बीउ उपलब्ध नगराउँदा किसानलाई पीडा हुन्छ । चाहिएको ऋण समयमा नपाउँदा पीडा हुन्छ । आवश्यक लगानी गर्न नसक्दा पीडा हुन्छ । कहिले खेतीको समयमा पानी नपर्दा पीडा हुन्छ, कहिले बाली नै बगाउने गरी अधिक वर्षा हुँदा पीडा हुन्छ । हावाहुरी र असिनाले बाली नाश गर्दा पीडा हुन्छ । सोचेजस्तो उत्पादन नहुँदा पीडा हुन्छ । कहिलेकाहीं उत्पादन भएर पनि समयमा बिक्री गर्न नसक्दा पीडा हुन्छ । बिक्री भएर पनि त्यसको उचित मूल्य नपाउँदा थप पीडा हुन्छ । अनि कहिलेकाहीं चाहिँ बिक्री भएको उत्पादनको समयमा भुक्तानी नपाउँदा झन् बढी पीडा हुन्छ । कति धेरै पीडा किसानका ? कृषिप्रधान देश भनिएपछि राज्यको नीति तथा कार्यक्रममा कृषि पहिलो प्राथमिकतामा पर्नुपर्ने हो । योजनाहरूमा कृषि पहिलो प्राथमिकतामा पर्नुपर्ने हो । बजेट विनियोजनमा पनि कृषि पहिलो प्राथमिकतामा पर्नुपर्ने हो । तर, त्यसो हुन सकेको छैन । नीति तथा कार्यक्रममा कृषिलाई पहिलो प्राथमिकतामा राखिए पनि बजेट विनियोजनका बेला कृषिलाई बिर्सिने बानी छ सरकारको । त्यसैले कृषिप्रधान देशको कुल राष्ट्रिय बजेटमा कृषिका लागि जम्माजम्मी २ वा ३ प्रतिशत बजेट विनियोजन गरिन्छ । कृषिप्रधान देशमा कृषिका लागि यति थोरै बजेट विनियोजन हुनु कृषि र किसानकै अपमान होइन र ? यसरी कृषि र किसानलाई नै हेपेर कृषिबाट आर्थिक समृद्धिको सपना देख्न सुहाउँछ ?

हरेक कृषिमन्त्रीले कृषिक्रान्तिको बखान गर्दै आएका छन् । सर्वहारा वर्गलाई हेर्ने भनिएको कम्युनिस्टको सरकार धेरै पटक बन्यो । अहिले पनि त्यही सर्वहारावर्गकै प्रतिनिधित्व गर्ने कम्युनिस्ट नेतृत्वकै सरकार छ । तैपनि किन किसान सधैं पीडित छन् ? किन किसानको समस्यालाई बुझ्ने र त्यसलाई सम्बोधन गर्ने चेष्टा गर्दैन सर्वहारा वर्गलाई हेर्ने सरकारले ? सर्वहारा र दैवहारा किसानहरूको सहयोगी किन बन्न सक्दैन सरकार र राज्य ? किसानका लागि पनि सरकार छ भन्ने अनुभूति कहिले गर्न पाउने हुन् देशका तमाम किसानले ? कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरणको गफ हाँक्ने सरकारले चाहिएको बेला न कुनै परामर्श दिन्छ, न खेत जोत्ने ट्याक्टर उपलब्ध गराउँछ, न त उत्पादित वस्तुका लागि बजार व्यवस्थापन नै गरिदिन्छ । यस्तो पाराले कसरी हुन्छ कृषिको विकास ? अनि कसरी हुन्छ किसानको जीवनमा उन्नति र प्रगति ? प्रश्नैप्रश्न छन् । उत्तर दिने सरकार मौन छ । सरकारको आँखा कि त सत्तामै मात्र छ, कि त सत्ता टिकाउने दाउमा छ । सरकारको सहानुभूति क्रसर उद्योगलाई छ, तर कृषिलाई छैन । राष्ट्रिय अर्थतन्त्रमा कसको योगदान बढी छ, कृषिको कि क्रसर उद्योगको ? स्वदेशी उत्पादनले प्रोत्साहन नपाउनु यो देशको सदावहार समस्या हो । यो समस्याको मूल कारण हो बिचौलियाको बिगबिगी र तिनै बिचौलियासँगको सरकार र कर्मचारीतन्त्रको साँठगाँठ । सरकारी अनुदानप्राप्त सस्तो भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्ने नेपाली कृषि उत्पादनलाई कुनै किसिमको सरकारी सहयोग र प्रोत्साहन छैन । स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न आयातलाई निरूत्साहित गर्नुपर्ने सरकारले निर्वाध विदेशी उत्पादन आयात गर्न दिएर स्वदेशी उत्पादनलाई विस्थापित नै गर्न खोजिरहेको छ । यसैको विरोधमा किसानले सडकमा दूध पोख्ने हुन्, सडकमै तरकारी फाल्ने हुन् र खाल्डामा पुर्ने हुन् चल्ला र फुल (अन्डा) । यो किसानको असन्तुष्टि र आक्रोशमात्रै होइन, राज्यविरूद्धको विद्रोह पनि हो । तर, राज्यले बुझ्ने प्रयास गरे पो !

गत वर्ष छिमेकी देश भारतबाट मात्रै ७४ अर्ब २८ करोड रूपैयाँभन्दा बढीको खाद्यान्न र ३६ अर्ब ५४ करोड रूपैयाँभन्दा बढीको तरकारी आयात भएको छ । यता स्वदेशमा उत्पादित तरकारीचाहिँ सडकमा फाल्नुपर्ने स्थिति सिर्जना गरेर कृषि र किसानको कसरी उत्थान हुन सक्छ ? कृषि र किसानको उत्थान गर्ने हो भने स्वदेशी उत्पादनलाई नै प्रोत्साहन दिनुपर्छ । उत्पादित वस्तुको बजार व्यवस्थापन र त्यसको उचित मूल्यका लागि सरकारले सहयोग गर्नुपर्छ । स्थानीय सरकारले पनि उद्देश्यविपरीत बचत र ऋण लगानीमा मात्रै सीमित स्थानीय सहकारीहरूलाई कृषिमा आबद्ध गरेर कृषि उत्पादनको बजार व्यवस्थापनमा परिचालन गर्न सक्नुपर्छ । कृषि उत्पादनको बजार व्यवस्थापनमा सहकारी संलग्न हुने हो भने बिचौलियाको बिगबिगी पनि कम हुनेछ । उत्पादक किसान र उपभोक्ता सधैँ मारमा पर्ने र बिचौलिया मात्रै मोटाउने अवस्थाको अन्त्यका लागि पनि राज्यको तदारूकता र कृषि सहकारीहरूको भूमिका महत्वपूर्ण हुन्छ । किसानको उत्पादनको मूल्य तोक्ने अधिकार किसानकै भए पनि त्यो अधिकारबाट वञ्चित गरिएको छ किसानलाई । बिचौलियाले मूल्य तोक्ने अहिलेको अवस्थाले किसान र उपभोक्ता सधैँ मारमा परेका छन् । यो अवस्थाको अन्त्य गर्न पनि सरकारको प्रभावकारी पहल अपेक्षित छ ।

आयातित वस्तुले कृषिवस्तुको माग धानिरहँदा पनि अलिकति पनि लज्जाबोध छैन सरकारलाई । कृषि विकासका लागि भनेर करोडौं खर्चेर बनाइएका दीर्घकालीन रणनीतिहरू सरकारी कार्यालयका दराजमा थन्किएका छन् । तिनको कार्यान्वयनमा सरकारको चासो छैन । आयातबाट उठ्ने राजस्वले सरकारको आँखामा पर्दा लागेको छ । त्यसैले आफ्नै

*बाँकी पृष्ठ ३ मा*

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त | www.bikaskhabar.com | जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# किन फरक हुन्छ मान्छेको आवाज ?

स्वरघाँटीमा भएको स्वरयन्त्रबाट निस्कन्छ । स्वरयन्त्रलाई मेडिकल शब्दमा ल्यारेंक्स पनि भनिन्छ । स्वरयन्त्रमा दुईवटा कर्डको बीचबाट हावाको माध्यमबाट स्वर निस्कन्छ । स्वरयन्त्रबाट आवाज निकाल्न केही अंगहरूले साथ दिएका हुन्छन् । स्वरयन्त्र घाँटीको तल्लो भागबाट दुई भागमा बाँडिन्छ । एउटा श्वासनली र अर्को खानाखाने नली । दुई भागको अगाडिपट्टि श्वास फेर्ने नली हुन्छ र पछाडिपट्टि खाना खाने नली हुन्छ । आवाज उत्पादन हुने श्वासनलीको माथिल्लो भागको भोकल कर्ड भित्र कम्पन भएर स्वर उत्पादन हुन्छ । स्वरलाई मीठो बनाउन नाक, घाँटी, अनुहारका हड्डी, मांसपेशी र जिब्रोको प्रमुख भूमिका हुन्छ । यी विभिन्न अंगले स्वर मीठो बनाउन भूमिका खेल्छन् ।



व्यक्तिको अनुहारको आकारप्रकार, शरीरको बनावट फरकफरक भएजस्तै स्वर पनि फरक किसिमको हुन्छ । कसैको मधुरो, कसैको तिखो, कसैको भासिएकोजस्तो र कसैको धोत्रो हुन्छ । यो सामान्य हो । आवाज बिग्रिएर आवाज भासिनु विभिन्न कारण हुन्छन् । सामान्य रूपमा भाइरस संक्रमणजस्तै रूघा लाग्दा र घाँटीमा संक्रमण भएर पनि आवाज भासिने गर्छ । स्वरयन्त्र सुन्नियो भने पनि आवाज भासिन सक्छ । घाँटीमा नाकको पछाडि साइनसहरूबाट घाँटीमा संक्रमण भयो र त्यहाँबाट पिप बग्दै भोकल कर्डमा पुगेको छ भने क्षयरोग हुँदा पनि घाँटी दुख्ने र आवाज नआउने हुन्छ । अत्यधिक बोल्नुपर्ने पेसा जस्तै, गायक, शिक्षक र उद्घोषकहरूमा भोकल कर्डको बीचमा अन्तर आएर पनि आवाज भासिन सक्छ । कसैकोमा स्वरयन्त्रमै स-साना गाँठा आउने, पानीको फोका पलाउँदा पनि स्वर भासिन सक्छ । स्वरयन्त्रमा ट्युमर र क्यान्सर भएर आवाज बिग्रिन सक्छ ।

सामान्य आवाज एक्कासि परिवर्तन भएपछि आवाज धोत्रो भएको बुझिन्छ । रूघा लागेर वा घाँटीमा संक्रमण र मद्यपान गर्नेहरूमा स्वर धोत्रो हुन सक्छ । रूघा लागेर वा घाँटीमा संक्रमणका कारण एक साताको लागि आवाज धोत्रो हुन सक्छ । त्यो अवस्थामा खासै चिन्ता लिनुपर्दैन । त्यसबेला चिसो खानेकुरा कम खाने गर्दा निको हुन्छ । तर घाँटी बसिरहँदा पनि जबर्जस्ती बोलिरहँदा भने अझै जटिल हुँदै जान्छ ।

वयस्क व्यक्ति, त्यसमा पनि धुम्रपान गर्ने बानी छ भने महिना दिनसम्म पनि स्वर धोत्रो हुन सक्छ । जुन गम्भीर स्वास्थ्य समस्या हो । कहिलेकाहीं स्वर यन्त्रमा नै समस्या भएर त्यस्तो समस्या आउन सक्छ ।

कसैको मधुर आवाज हुन्छ कसैको तिखो हुन्छ । सामान्य आवाज एक्कासि बिग्रियो भने त्यसलाई खराब आवाज वा भ्वाइस डिसअर्डर मानिन्छ । जस्तै, सामान्य आवाजभन्दा बाहिरको धोत्रो आवाज, भासिएको आवाज, भकभकाउने जस्ता समस्यालाई लिन सकिन्छ । मानसिक समस्याले पनि भोकल कर्डमा असर गर्छ । उनीहरूमा एक्कासि केही कुराले आघात पुऱ्याउँदा स्वर नै नआउनेसम्म हुन्छ । त्यसको लागि मनोपरामर्श र स्पिच थेरापीबाट बिस्तारै उपचार गर्न सकिन्छ । त्यस्तै, धेरैमा घाँटीमा केही अड्किएकोजस्तो, मासु पलाएको वा असहज अनुभव भएका बिरामीहरूमा कुनै पनि रोगको लक्षण नदेखिन सक्छ । तनाव, कुनै किसिमको त्रास, एन्जाइटीको कारण पनि घाँटीमा समस्या आउन सक्छ ।

गीत गाएको कारण वा स्वरलाई उच्च पारेकै कारण घाँटीको क्यान्सर हुन्छ भन्ने हुँदैन । अत्यधिक मसालेदार खानेकुरा खाने, धुम्रपान गर्ने, रक्सी अत्यधिक खानेमा स्वरयन्त्रमा क्यान्सर हुन सक्छ । अझ धुम्रपान गर्ने, रक्सी अत्यधिक खानेमा २२ गुणा बढी ल्यारेंक्समा क्यान्सर हुने सम्भावना बढी हुन्छ ।

तिखो वा चर्को स्वरले बोल्दा स्वास्थ्य समस्या हुन सक्छ । चर्को आवाजमा बोल्दा भोकल कर्डमा रगत जम्ने वा चोट पुग्नुका साथै आवाजमा परिवर्तन हुन्छ । कसैले लामो समयसम्म अत्यधिक बोलिरहेको छ भने भोकल कर्डमा विभिन्न समस्या देखा पर्छ । पेटको कारण एसिडिटी बढेर पनि स्वरयन्त्रमा समस्या पार्छ ।

उमेरसँगै आवाजमा परिवर्तन हुँदै जान्छ । बाल्यकालमा बच्चाको भोकल कर्डको आकार सानो हुन्छ, पूर्ण रूपले विकास भइसकेको हुँदैन । त्यसैले स्वर मसिनो र सुरिलो हुन्छ । उमेर बढेसँगै भोकल कर्डको पनि आकार बढ्ने भएकाले स्वरमा पनि परिवर्तन आउँदै जान्छ । महिला र पुरूषको स्वरयन्त्रको बनावट फरक हुन्छ । आवाजको मात्रा र आकार महिलाको पुरूषको दाँजोमा सानो हुन्छ । जसकारण महिलाको आवाज सुरिलो हुन्छ । जब वृद्धावस्थामा पुग्छ तब स्वर यन्त्रमा हुने विभिन्न तहभित्र कर्डलाई नरम बनाउने तहमा कमी आउँदै जान्छ । त्यसबाहेक जति युवावस्थामा स्वरयन्त्र चलायमान हुन्छ उमेर बढेसँगै त्यसको गति कम हुँदै जान्छ । त्यसैले वृद्ध उमेरमा स्वर कडा खालको आउँछ ।

सर्वप्रथम आफ्नो आवाजको मात्रा पहिचान गर्नुपर्छ । लगातार उच्च आवाजमा बोल्न कम गर्नुपर्छ । बोल्नु परेको अवस्थामा बिस्तारै समय-समयमा विश्राम लिंदै बोल्नुपर्छ । त्यसबाहेक मद्यपान, धुम्रपान, सुर्तीजन्य पदार्थ वा अत्यधिक चिसो खानेकुरा खानुहुँदैन । आवाजमा समस्या आएमा मनतातो पानी खाने, कम बोल्ने, चिसो खानेकुरा कम खाने गर्दा निको हुन्छ । तर घाँटी बसिरहँदा पनि जबर्जस्ती बोलिरहँदा झनै जटिलता हुँदै जान्छ ।

# मेकअप क्रिमले मिर्गौलामा असर

आइबुप्रोफेन, डिक्लोफेनेक, नेप्रोक्सनजस्ता दुखाइ निवारकले मिर्गौलालाई हानि पुऱ्याउँछन् भन्ने हामीमध्ये धेरैलाई थाहा छ । तर फेयर नेस क्रिमले पनि मिर्गौलालाई असर पुऱ्याउन सक्छ भन्ने विषयमा भने हामी त्यति सजग छैनौं । एन्टीएजिङ क्रिम, छाला गोरो बनाउने क्रिम, साबुन र लोसनमा मर्करी नामक पदार्थको केही मात्रा हुन्छ । बुध छालालाई गोरो बनाउन सबैभन्दा सामान्य रूपमा प्रयोग हुने पदार्थ हो, यसले मेलानिनको गठनलाई ट्रिगर गर्छ । जसले छालाको टोनलाई हल्का बनाउँछ । धेरै कस्मेटिक ब्राण्डहरू द्रुत परिणामको लागि अनुमति दिइएको सीमाभन्दा धेरै गुणा बढी छन् ।

बुध एक अत्यधिक विषाक्त पदार्थ हो, जसले मस्तिष्क, स्नायु, मुटु, कलेजो र मिर्गौलालाई क्षति पुऱ्याउँछ र क्यान्सर पनि हुन सक्छ । यी बुध छालाबाट अवशोषित हुन्छ, रगतमा जान्छ र अन्ततः मुख्य अंगहरूमा जम्मा हुन्छ । जसले कलेजो, फोक्सो, मुटु, मस्तिष्क र मिर्गौलालाई क्षति पुऱ्याउँछ । अवशोषण दर सामान्य छालाको लागि ८० प्रतिशत धेरै उच्च छ ।

भर्खरै भारतमा एउटा घटना भयो । एउटी युवतीले फेयरनेस क्रिम प्रयोग गर्न थालिन् । एक महिनाभित्र उनको अनुहारको चमक, छालाको टोन, चमक र गोरोपन सबैमा उल्लेखनीय सुधार भयो । यसबाट प्रेरित भएर उनकी आमा र दिदीबहिनीले पनि क्रिम प्रयोग गर्न थाले, तर केही महिनापछि सम्पूर्ण परिवारले यस्तै लक्षण अनुभव गर्न थाले । उनीहरूको रगत परीक्षणमा मिर्गौला बिग्रिएको देखियो ।

सोही फेयरनेस क्रिमको परीक्षण गर्दा यसमा पाराको मात्रा अत्यन्त उच्च रहेको पाइएको थियो । यस्तै घटना सन् २०१६ मा मलेसियामा पनि रिपोर्ट गरिएको थियो । जब उनीहरूले सुपरमार्केटबाट फेयरनेस क्रिमका दुई फरक ब्राण्डहरू छनोट गरे र क्रसचेक गरे । उनीहरूले पाराको मात्रा अत्यन्त उच्च भएको पत्ता लगाए । विभिन्न अध्ययनले पहिले नै रिपोर्ट गरिसकेका छन् कि फेयरनेस क्रिमले ग्लोमेरूलोनेफ्राइटिस हुन सक्छ र केही अनुसन्धानले पनि युवा बिरामीको रगतमा पाराको उच्च मात्राका कारण अचानक मृत्यु भएको देखाएको छ ।

यी कस्मेटिक उत्पादन आयात गर्न लाखौं रूपैयाँ खर्च हुन्छ, तर के हाम्रो सरकार र स्वास्थ्य अधिकारीहरू यी कस्मेटिक उत्पादनले स्वास्थ्यमा हुने खतराबारे सचेत छन् ? अधिकांश फेयरनेस क्रिम भारत, चीन, थाइल्याण्ड, जापान र कोरियाबाट आयात हुने गरेको छ । यी कम्पनीहरूले विकासोन्मुख देशमा सस्तो दरमा बिक्री गर्न जानीजानी गुणस्तर घटाउँछन् । तिनीहरू राम्ररी जान्दछन् कि हामीसँग यी उत्पादन जाँच गर्न आवश्यक स्रोत र प्रयोगशालाको अभाव छ । आफ्ना उत्पादनहरू स्वीकृत गराउन उनीहरूले सम्बन्धित निकायलाई घूससमेत दिन्छन् । हाम्रो स्वास्थ्यसँग खेलवाड गर्ने अधिकार कसैलाई छैन ।

यी कस्मेटिक उत्पादनबाहेक पेनकिलर, पारासिटामोल, आयुर्वेदिक औषधि, एन्टिबायोटिकलगायत सबै औषधिको गुणस्तर जाँच्न सरकारले पहल गर्नुपर्छ । उनीहरूले कोष छुट्याउनुपर्छ र त्यसका लागि जनशक्तिलाई तालिम दिनुपर्छ । हाम्रो देशमा भ्रष्टाचार यति धेरै भएकाले के हामी निष्पक्ष छानबिनको अपेक्षा गर्छौं ? यसलाई नियन्त्रणका लागि अहिले नै पहल गरिएन भने आगामी पाँच वर्षभित्रमा मुटु, मिर्गौला र कलेजोको क्यान्सरका बिरामीको संख्या कैयौं गुणा बढ्नेछ ।

यी उत्पादनबाट मिर्गौलामा हुने क्षति रोक्न तरल पदार्थ धेरै पिउन सल्लाह दिइन्छ । तर यसले मिर्गौलामा हुने हानि कम गर्न सक्दैन । एउटै ब्राण्डको मेकअप दुई महिनाभन्दा लामो समयसम्म प्रयोग नगर्नु राम्रो हुन्छ । मर्करी, क्याडमियम, क्रोमियम, सिसा, आर्सेनिक र हाइड्रोक्विनोनसहित यी कस्मेटिक्सहरूमा प्रयोग हुने खतरनाक पदार्थको मात्रा निर्धारण गर्न सधैं लेबल पढ्नुपर्छ । प्रत्येक वर्ष कम्तीमा एकपटक आफ्नो मिर्गौला जाँच गराउनुपर्छ । विवाहलगायतका कार्यक्रममा मेकअप गर्नैपर्ने भए काम सकेपछि जतिसक्दो चाँडो हटाउनुपर्छ ।







# बारीमा जाऊँ ... . ...

देशको कृषिको पतनले परनिर्भरता बढेको र अर्थतन्त्रमा जोखिम बढेको पनि देख्दैन सरकारले । बरू कृषिमा लाग्ने जनशक्तिलाई निर्यात गरेर रेमिटेन्स भित्र्याउने सपना देख्छ, तर कृषिलाई उठाउने आवश्यकता ठान्दैन कहिल्यै ।

सरकारको नीति तथा कार्यक्रम घोषणा गर्ने बेलामा राष्ट्रिय अर्थतन्त्रमा कृषिको योगदान सर्वाधिक रहेको सगर्व घोषणा गर्छन्, तर बजेट विनियोजन गर्ने बेलामा कृषिलाई बिर्सन्छन् । त्यसैले कुल राष्ट्रिय बजेटको जम्माजम्मी २ वा ३ प्रतिशत बजेट कृषिका लागि छुट्ट्याउँछन् । अनि त किसानहरू 'बारीमा जाऊँ भविष्य छैन, खाडीमा जाऊँ उमेर छैन' भन्दै मनको पीडा पोख्न बाध्य हुन्छन् ।

सरकारले कृषिमा अनुदानको नीति त अँगालेको छ । तर, त्यो झोले अनुदान नीतिले वास्तविक किसानहरू लाभान्वित हुन सकेका छैनन् । त्यस्तो अनुदान केही ठूला र पहुँचवाला किसान र लालपुर्जा खल्तीमा बोकेर हिंड्ने गैर किसानले पाएका छन् । त्यसैले त्यस्तो अनुदानको सदुपयोगभन्दा दुरूपयोग धेरै भएको छ । वास्तविक किसान पहिचान गर्नमै सरकार चुकेको छ । कृषि पतनोन्मुख हुनु र किसानहरू विस्थापनको स्थितिमा पुग्नुको मुख्य कारण राज्यको उपेक्षा र उदासीनता नै हो । त्यसैले किसानहरू दोधारमा छन्, बारीमा जाऊँ कि खाडीमा ?

# थाहानगरका विपन्न महिलालाई हस्तकलाका सामग्री बनाउने तालिम



◆ विकास संवाददाता

गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमअन्तर्गत् थाहा नगर पालिकाको वडा नम्बर ४ ठूलोमाखुमा विपन्न वर्गका महिलाले बाँस, निगालाको हस्तकलाका सामग्री बनाउने तालिम शुरू गरेका छन् ।

थाहा नगरपालिका लघु उद्यम विकास शाखाको आयोजनामा १५ दिनको सीप विकास तालिम शुरू भएको लघु उद्यम सहजकर्ता दिक्षा पाण्डेले बताइन् । १५ जना महिला सहभागी तालिममा रामकुमार राईले सीप तालिम दिइरहेका छन् । तालिम उद्घाटनको क्रममा लघु उद्यम विकास कार्यक्रमका अधिकृत कुमार नेगी र थाहा नगर कार्यपालिका सदस्य चन्द्रमाया थिङले तालिमको पूर्ण उपयोग गरी सीप सिकेर व्यवसायिक कार्यमा लाग्न सहभागीहरूलाई आग्रह गरेका थिए ।

तालिममा मुढा, कलमदानी, फुलदानी, फोटो फ्रेम, चुरा स्टाण्ड र ऱ्याक बनाउन सिकाइने प्रशिक्षक रामकुमार राईले जानकारी दिए । तालिमको अन्त्यमा सहभागीहरूले तालिमको क्रममा तयार गरेका सामग्रीहरू प्रदर्शन गरिनेछ । निगालाबाट सामान बनाउने सीप विकास तालिम शुरू गर्नुअघि महिलाहरूले उद्यम विकास तालिम लिएका थिए । उक्त तालिममा व्यवसाय छनोट गर्दा बजार, कच्चा पदार्थ, प्रविधि, कामदार, पूर्वाधार, लगानी, सरकारी नीति, जोखिम आदि कुरामा ध्यान दिनुपर्ने कुरामा स्पष्ट भएपछि सो आधारमा उनीहरूले निगालोबाट हस्तकलाका सामग्री बनाउने व्यवसाय छनोट गरेका हुन् ।

# पालुङ क्याम्पसको पहिलो बैठकः पदाअधिकारी चुनिए

◆ विकास संवाददाता

मकवानपुर थाहानगरको पालुङ बहुमुखी क्याम्पसको २० औँ परिषद् भेला पश्चात् गठित क्याम्पस सञ्चालक समितिले विभिन्न निर्णय गरेको छ । ५ फागुनमा निर्वाचित पदाअधिकारीको पहिलो बैठकले सञ्चालक समितिको उपाध्यक्षमा सुरेन्द्रमान प्रधान र कोषाध्यक्षमा विमलकुमार ढकाललाई चयन गरेको सदस्य सचिव तथा क्याम्पस प्रमुख राजन मिश्रले जानकारी दिए ।

बैठकले ७ सदस्यीय सचिवालय समिति गठन पनि गठन गरेको छ । सचिवालयमा अध्यक्ष विष्णु बहादुर विष्ट, उपाध्यक्ष सुरेन्द्रमान प्रधान, कोषाध्यक्ष विमलकुमार ढकाल, सदस्यहरू सुर्दशन कार्की, केदार कार्की, सगुन कुमार ढकाल र सदस्य सचिव राजन मिश्र रहेका छन् । क्याम्पसको विधान बमोजिम सल्लाहकारमा थाहा नगरपालिकामा र हेको प्रमुख ५ दलका अध्यक्ष तथा प्रमुख व्यक्तिहरूलाई तथा निर्वमान अध्यक्ष सहितको ६ जनालाई यस क्याम्पसको सल्लाहकारमा मनोनित गर्ने निर्णय भएको छ । ५ फागुनकै बैठकबाट मनोज अधिकारीको संयोजकत्वमा भौतिक निर्माण समिति उपसमिति गठन भएको छ । उपसमितिमा केदार कार्की र सगुनकुमार ढकाल समेत छन् ।




क्याम्पसको विधान बमोजिमका थाहानगर उधोग बाणिज्य संघका अध्यक्ष, वडा नंम्बर ३ का वडा अध्यक्ष, क्याम्पसका प्राध्यापक ईकाइका अध्यक्ष, स्व.वि.यु.का सभापति, त्रि.वि.का प्रतिनिधिलाई पदेन सदस्य छन् । त्यसैगरी स्रोत मा.वि.का अध्यक्षहरू मध्ये एक जना र थाहानगरमा रहेका सहकारी संस्थाका अध्यक्षहरू मध्येबाट एक जना गरी जम्मा २ जना पदेन सदस्य चयन प्रक्रियाको लागि ४ चैत्रमा क्याम्पसमा सहकारी तथा मा.वि. का अध्यक्षहरूको भेला गरी अन्तरक्रिया तथा छलफल मार्फत चयन गर्ने पनि निर्णय भएको छ ।

सञ्चालक समितिको बैठकले २० औ परिषद् भेला सम्पन्न गर्न सहयोग गर्नुहुने प्रमुख अतिथि बागमती प्रदेशका सामाजिक विकास मन्त्री, थाहा नगरपालिकाका उपप्रमुख, राजनितिक दलका प्रमुख तथा प्रतिनिधि, वडा अध्यक्षहरू, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधि, अभिभावक, प्राध्यापक तथा कर्मचारी, पुर्व विद्यार्थी, विद्यार्थी, शिक्षाप्रेमी तथा क्याम्पसलाई माया गर्ने व्यक्ति, शुभचिन्तकहरूलाई धन्यावद प्रस्ताव पारित भएको सदस्यसचिव मिश्रले बताए ।

# थाहानगरका लघुवित्त पीडितहरू आन्दोलित

◆ विकास संवाददाता

लघुवित्त कार्यक्रम सञ्चालन गर्ने वित्तिय संस्थाहरूको पीडितहरूले मकवानपुर थाहानगरको गाउँगाउँबाट विरोध शुरू भएको छ । थाहानगरको वडा नम्बर १२ का पीडितहरूले ८ फागुनमा ऱ्यालीसहित कोणसभा समेत गरेका छन् ।

थाहा नगरपालिका र छिमेकी धादिङको थाक्रे गाउँपालिकाको विभिन्न ठाउँबाट उपस्थित भएका पिडितहरूले संघर्ष समिती नै बनाएर प्रर्दशन गरेका हुन । थाहा नगरपालिकाको १२ नम्बर वडाबाट शुरू भएको ऱ्याली थाहाको थानाबजार स्थित इलाका प्रहरी कार्यालय पालुङ अगाडि पुगेर कोण सभामा परिणत भएको थियो । आर्थिक क्षेत्रमा पिछडीएका महिलाहरूको समुह बनाएर लगानी गर्दै आएका लघुवित्त वित्तीय संस्थाहरूले महिलाहरूलाई पीडित बनाएको उनीहरूको दाबी छ ।

दुर्गम क्षेत्रका महिलाहरूलाई ऋणको भारी थोपारेर लघुवित्त वित्तिय संस्थाहरूले मिटर ब्याजी रूपमा रकम अशुल गरेर घरबार बिहिन बनाएको आरोप छ । वित्तिय



संस्थाहरूले ऋण दिएर गरिब विपन्न वर्गलाई ऋण दिएर झन गरिब बनाउने गरेको कोणसभामा बोल्ने वक्ताहरूले बताए । मासिक किस्ता असुली गर्दा सामजिक बदनाम गर्ने, गाली बेईज्जत गर्दै लघुवित्तका कर्मचारीहरूले विभिन्न नाउँमा धम्काउन गरेको सभामा पीडितहरूले उल्लेख गरे । थाहा नगर पालिकाको विभिन्न वडाबाट आएका पीडितहरूको उपस्थिति रहेको कार्यक्रममा लघुवित्त वित्तिय संस्था विरूद्धको संघर्ष समिति बागमती प्रदेश संयोजक क्षेत्र बहादुर मोक्तानको प्रमुख आतिथ्यता तथा संघर्ष समिति थाहा नगरपालिका १२ नम्बर वडा संयोजक सानुमाया थोकरको अध्यक्षतामा भएको थियो ।

कोणसभामा संघर्ष समितिका जिल्ला संयोजक बिष्णु माया बुढाथोकी लगायतले लघुवित्त वित्तिय संस्थाहरूले दुर्गम तथा पिछडिएका समुदायका महिलाहरूलाई विभिन्न प्रलोभन देखाएर ऋण लगानी गर्ने र चक्रिय ब्याज सहित अशुल गरेर पीडित बनाएको भन्दै लघुवित्त वित्तिय संस्था खारेजीको माग समेत गरेका छन् ।

# सामाजिक सुरक्षा कोष सम्बन्धि अन्तरक्रिया

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको थानाबजारमा सामाजिक सुरक्षा कोष सम्बन्धि एकदिने अन्तरक्रिया तथा छलफल कार्यक्रम ८ फागुनमा भएको छ । सामाजिक सुरक्षा कोष बबरमहल काठमाण्डौंको समन्वयमा भएको कार्यक्रम पालुङ बहुउद्देश्यीय सहकारी संस्थाले आयोजना गरेको हो । छलफलमा थाहानगर क्षेत्रमा रहेका उत्पादन मुलक उद्योग, पर्यटनसंग सम्बन्धित व्यवसाय, संघसंस्था तथा सहकारीका पदाअधिकारी र प्रतिनीधिहरूको उपस्थिती रहेको थियो ।

सामाजिक सुरक्षा कोषका उपनिर्देशक एवं सहप्रवक्ता रोहित रेग्मीले सामाजिक सुरक्षा कोषका नीति, नियम तथा प्रावधान र यसको महत्वका बारे कार्यपत्र प्रस्तुत गरेका थिए । रेग्मीले योगदानमा आधारित सामाजिक सुरक्षा कोष आयको निरन्तरताको सुनिश्चितता भएको उल्लेख गरे । उनले श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्नु तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्नु कोषको उद्देश्य रहेको बताए । सबै श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराई उनीहरूको आर्थिक तथा सामाजिक जोखिमको न्यूनीकरण गर्ने, हरेक नागरिकको मौलिक अधिकारका रूपमा योगदानमा आधारित सामाजिक सुरक्षा कोष स्थापित गरिनुपर्ने लगायतका विषयमा उनले प्रस्ट्याएका थिए ।

सामाजिक सुरक्षा कोष ऐनले पछिल्लो पटक औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना, मातृत्व सुरक्षा योजना, दुर्घटना सुरक्षा योजना, अशक्तता सुरक्षा योजना, वृद्ध अवस्था सुरक्षा योजनालाई प्राथमिकता दिएको रेग्मीले जानकारी दिए । आश्रित परिवार सुरक्षा योजना, बेरोजगार सहायता योजनाका अतिरिक्त कोषले तोकेका अन्य सामाजिक सुरक्षा योजना सञ्चालन गर्नेछ भनी कोषले सञ्चालन गर्न सक्ने सामाजिक सुरक्षा योजनाहरूको दायरा किटान गरिएको र रेग्मीले बताए । पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष उमेश प्रसाद ढकालले सामाजिक सुरक्षाको बारेमा जानकारी प्राप्त गर्न र सामाजिक सुरक्षा कोषलाई त्रिपक्षीय श्रमिक, रोजगारदाता र सरकार पक्षबाट व्यवस्थापन गर्नको निम्ति कार्यक्रम प्रभावकारी भएको बताए ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ

फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN•FLEX PRINT•PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालयः थाहा-४ सम्पर्क नं. ९८०७५५३३००
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

## लालीगुराँसको साधारण सभाः

# 'आर्थिकसंगै सामाजिक काममा पनि सहकारीको उत्कृष्ट योगदान'




◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर १ मा रहेको लालीगुराँस महिला बहुउद्देश्यीय सहकारी संस्थाको २० औं वार्षिक साधारणसभा भएको छ । वडा नम्बर १ का वडाध्यक्ष हेरमान गोपालीको प्रमुख आतिथ्यमा १३ फागुनमा सहकारीको सभा भएको हो ।

विकास घर शिखरकोटमा भएको साधारणसभामा अध्यक्ष रीता प्रधानले प्रस्तुत गरेको संस्थाको भावी नीति तथा कार्यक्रम पारित भएको छ । अध्यक्ष प्रधानले ग्रामीण समुदायको सानो क्षेत्रबाट ४८ जना सदस्यहरूबाट सुरुवात गरि एको संस्थामा हाल थाहा १ र २ वडामा गरि ६ सय ८९ जना महिला शेयर सदस्यहरू रहेको आफ्नो प्रतिवेदनमा उल्लेख गरेकी थिइन् । प्रधानले संस्थाको उद्देश्य अनुरूप कार्य गर्दै आइरहेकोले देशकै उत्कृष्ट सहकारीको रूपमा पहिचान गराइ पुरस्कृत समेत हुन सफल रहेको स्मरण गरिन् । अध्यक्ष प्रधानले संस्थाले आर्थिक कृयाकलाप मात्र नगरी मनोसामाजिक मनोविमर्श सेवा अन्तर्गत प्राथमिक मनोवैज्ञानिक सहयोग, व्यक्तिगत मनोविमर्श, पारिवारिक मनोविमर्श, सामुदायिक मनोविमर्श, अभिमुखिकरण, तरकारी खेती, बाख्रा पालनलगायतका सामाजिक र आर्थिक प्रवर्द्धन हुने कार्य तथा घरेलु हिंसा पीडित महिलाहरूलाई उचित न्याय दिलाउने कार्य गरेको बताइन् । प्रधानले आगामी दिनमा संस्थाले स्वागत र सहकारी शिक्षाका लागि अभिमुखीकरण कार्यक्रम, सुत्केरी भेटघाट, नेतृत्व विकास तथा क्षमता अभिवृद्धि सम्बन्धि तालिम, किशोरी केन्द्रित कार्यक्रम, सदस्य सर्वेक्षण, शेयर सदस्य वृद्धि, कम्प्युटर प्रणालीमा कार्यालय संचालन, मनोसामाजिक परामर्श कार्यक्रम वडागत रूपमा संचालन गर्ने, घरेलु हिंसाको अन्त्य, लक्षितवर्गको महिलालाई कृषि तालिम तथा अवलोकन भ्रमण जस्ता कार्यक्रम आगामि योजनामा रहेको सभामा सुनाइन्

संस्थाकी कोषाध्यक्ष नानीछोरी प्रधान तथा सचिव रितु कार्कीले प्रस्तुत गरेको प्रतिवेदन पनि सभाले सर्वसम्मत पास गरेको छ । कोषाध्यक्ष प्रधानले संस्थाको शेयरपुँजी २३ लाख ४६ हजार तथा बचत ८० लाख ५९ हजार रूपैयाँ र ऋण लगानी १ करोड ११ लाख रहेको आर्थिक प्रतिवेदन मार्फत जानकारी गराइन् । सचिब कार्कीले १९ औं साधारणसभाको समिक्षा प्रतिवेदनमा उल्लेख गरेकी थिइन् । उनले संस्थाको प्रगतीलाई समेत आफ्नो प्रतिवेदनमा समेटेकी थिइन् ।

कार्यक्रमका प्रमुख अतिथी तथा थाहानगरका १ नम्बर वडा अध्यक्ष हेरमान गोपालीले सहकारीले समाजमा उल्लेख्य योगदान गरेको भएता पनि केही सहकारीले नियतवस वदमासी गरेकाले सबै सहकारीलाई एकै स्थानमा राखेर दाँज्न नहुने बताए । उनले सदस्यहरूले सहकारीलाई छानेर विश्वासिलो संस्थामा मात्र कारोवार गर्नुपर्ने सुझाए । गोपालीले सहकारी संस्थाहरू वित्तिय क्रियाकलापमा मात्र सिमित नरही लालिगुराँस महिला बहुउद्देश्यीय जस्तै अरू सहकारीहरूले पनि विभिन्न सामाजिक क्रियाकलाप पनि लाग्नुपर्ने उल्लेख गरे ।

संस्थाकी अध्यक्ष रीता प्रधानको अध्यक्षतामा भएको थियो । साधारणसभामा पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका उपाध्यक्ष अरूण रायमाझी, थाहानगर उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान प्रधान, लायन्स क्लव थाहाका गीता कार्की, सहकारीकर्मी सुमित्रा बिडारी, पालुङ जेसिज वर्ष २०२३ का अध्यक्ष संगम कार्की, जनकल्याण माबिका प्रधानाध्यापक सानोभाइ कार्कीले साधारणसभाको उपलक्ष्यमा शुभकामना दिएका थिए । साधारणसभामा पालुङ क्याम्पसका क्याम्पस प्रमुख राजन मिश्र, चेतनशील महिला सहकारीको अध्यक्ष सकुन्तला गोपाली, दामन चेली समाजका अध्यक्ष राधिका रायमाझी, सहयोगी बचतका प्रवीण प्रधान, झम्केश्वरी माविका अध्यक्ष प्रदिप प्रधान, ल्याम्ह पुचः का जर्म श्रेष्ठ लगायतका उपस्थिति रहेको थियो । सभामाको अवसरमा साधारणसभाको अवसरमा संस्थामा उत्कृष्ट कारोवार गर्ने सदस्यहरूलाई सम्मानित गरिएको थियो ।

## ऋषेश्वरमा २ दिने विश्वशान्ति महायज्ञ हुने



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ४ मा रहेको ऋषेश्वर महादेव स्थान परिसरमा यहि १६ र १७ फागुनमा वृहत विश्वशान्ति महायज्ञ पुजा हुने भएको छ । यसअघि महायज्ञ पुजा दुईपटक भैसकेको र यो तेस्रोपटक हुन लागेको कार्यक्रमका प्रमुख लामा पवन तितुङले बताए । ऋषेश्वर हिन्दु तथा बौद्ध धर्मावलम्बीहरूको संयुक्त आस्थाको केन्द्र हो ।

लामा पवनले सुरूमा आफ्नै पहलमा धर्म संस्कृतिको संरक्षण एवं ऋषेश्वर तिर्थ क्षेत्रको प्रचारप्रसार र विकास गर्ने उद्देश्यले अभियानको थालिएको हो । पवनसंगै अन्य लामा गुरूहरू र धार्मिक संगठनहरूको सहकार्यमा विश्वशान्ति महायज्ञ हुँदै आएको लामा गुरू पवनले बताए । विश्वशान्ती पुजा धर्म, संस्कृतिको रक्षा, विश्वशान्ति र ऋषेश्वर तिर्थ क्षेत्रको सम्पुर्ण विकास गर्ने प्रमुख उद्देश्य रहेको लामाले बताए । हिन्दु धर्मावलम्बीले ऋषेश्वर महादेव र बौद्धमार्गीले पद्मसम्भव (छिमि झ्याङछुप) का रूपमा यहाँ पूजाआजा गर्दै आएका छन् ।

लुम्बिनी विश्वविद्यालयका बुद्धिजम तथा पिस स्टडिजका उपप्राध्यापक पुष्पबहादुर गुरूङका अनुसार सातौँ शताब्दीमा पद्मसम्भव काठमाडौँ हुँदै चीन जाने क्रममा दामन र फर्पिङमा बसेर गएको विश्वास गरिन्छ । उनी भन्छन्, 'यो गुफालाई हिन्दु धर्मावलम्बीले भन्दा पनि बुद्धिष्टहरूले बढी विश्वास गर्ने गरेका छन्, यो गुफालाई दुवै धर्मको तिर्थस्थलका रूपमा लिने गरिएको छ ।' पद्मसम्भव गुरू आएर ऋषेश्‍मा ध्यान गर्न बसेको लामा गुरू निमा लामा बताउँछन् । उनी भन्छन्–'उँहाँ बसेको स्थानमा उहाँकै आकृति बनेको छ, यो आकृतिलाई हिन्दु र बौद्ध दुवै थरीले पूजापाठ गर्ने गर्छन् ।' पद्मसंभवले तपस्या गर्ने क्रममा पानीको अभाव भएपछि ध्यान गरेर पानी निकालेको समेत बताइन्छ । मन्दिर परिसरमा पानी अझैसम्म अनवरत रूपमा मुलको रूपमा आइरहेको छ ।

# थाहाको पालुङमा सुरक्षित आप्रवासन सम्बन्धी सूचनामूलक बोर्ड




◆ विकास संवाददाता

वैदेशिक रोजगारीप्रति नेपालीहरू बढी आकर्षित छन् । गाउँ सुन्य पारेर परदेशिने युवाहरूको संख्या बढ्दो छ । दिनहुँ नेपालबाट मुटु कलेजो, फोक्सो जाँचेर र पाखुरा छाती नापेर २५०० बढी स्वस्थ्य तथा तन्दुरूस्त युवाहरू विदेशिन्छन् । दुई छाक मिठो मसिनो खाने र परिवारलाई सुखी बनाउने सपना बोकेका युवाहरूको प्रमुख गन्तव्य बनेको छ, विदेश । नेपाली कामदारहरूको रोजगारीको आकर्षक गन्तब्यको रूपमा रहेका मुलुकहरूमा मलेसिया , दुबई , साउदी अरब , कुबेत, बहराइन आदि मुलुकहरू रहेका छन् ।

अमेरिका अस्ट्रेलिया क्यानडा लगायतका मुलुकहरूमा पनि नेपाली कामदारहरू वैदेशिक रोजगारको लागि पुगेका छन् । वैदेशिक रोजगारीमा जाँदा धेरै कुराहरूमा ध्यान दिनुपर्ने हुन्छ । वैदेशिक रोजगारीमा जाने बेला सानातिना कुराहरूको वेवास्ता गर्दा कहिलेकाही ठूलो समस्या झेल्नुपर्ने हुन्छ । वैदेशिक रोजगारीमा जाने नेपालीहरू ठगिएको, विदेशमै अलपत्र परेको, एक ठाउँ भनि जाँदा अर्कै ठाउँ परेको, भनेजस्तो तलब नपाएको जस्ता गुनासाहरू धेरै आउने गरेको पाइन्छ । कतिपय व्यक्तिहरूलाई आफुले गर्ने काम, तलब र सुविधाका बारेमा समेत थाहा हुँदैन । जसले गर्दा उनीहरू ठगिने गरेका छन् ।

त्यसैले वैदेशिक रोजगारीमा जानुअघि धेरै कुरामा ध्यान दिनुपर्ने हुन्छ । यस्ता विदेश जानुअघि ध्यान दिनुपर्ने कुराहरू र गर्नुपर्ने मुख्य कामहरूलाई समेटेर थाहा नगरपालिका सुरक्षित आप्रवासन कार्यक्रम सामीले वडा नम्बर २ कार्यालयसँग मिलेर खाल्डेबजारमा सूचनामूलक बोर्ड राखेको छ । सूचना तथा जानकारीमूलक बोर्डमा वैदेशिक रोजगारमा जाने कामदारहरूले आफु कुन देश जाने हो सो देशबारे जान्नुपर्ने, केही सीप सिकेर, आफूले गर्ने, गर्न सक्ने र जान्ने कामका वारेमा, पाउने तलवका वारेमा राम्ररी जानी बुझी मात्र जानुपर्ने, घर परिवारसँग सल्लाह, परामर्श गरी सहमतिमा मात्र जानु पर्ने, देशिक रोजगार बिभागवाट श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारमा जानुपर्ने, विश्वासिलो र भरपर्दो मेनपावर कम्पनी मार्फत् जानुपर्ने, पैसा बुझाएपछि व्यहोरा खुलाई भरपाई लिनुपर्ने, भरपाइ दिन आनाकानी गरेमा ठगिकै नियत भएको बुझ्नुपर्ने, स्वदेशी विमानस्थलवाट मात्र जानुपर्ने, लगायतका बारेमा सचित्र जानकारीहरू राखिएका छन् ।

बोर्ड स्थापना कार्यक्रममा वडा नम्बर २ का वडा अध्यक्ष बमबहादुर सिन्तान, सामीका फोकल पर्सन थाहा नगर पालिकाका अधिकृत कुमार नेगी, सामी वित्तीय साक्षरता सहजकर्ता मेलिना खत्री, सामी मनोसामाजिक परामर्शकर्ता सुनिता बस्नेत, रिटर्नी स्वयम्सेवक सुस्मिता श्रेष्ठ लगायत स्थानीय समुदायको सहभागिता रहेको थियो ।

# हेटौंडा उपमहानगरबाट दृष्टिविहीनलाई ल्यापटप सहयोग

◆ विकास संवाददाता

उच्च शिक्षा अध्ययनमा रहेका हेटौंडा-८ का दृष्टिविहीन युवालाई हेटौंडा उपमहानगरपालिकाले ल्यापटप सहयोग गरेको छ । हेटौंडा ५ को बालज्योति माध्यमिक बिद्यालयमा रहेको दृष्टिविहीनहरूको बिद्यालयबाट एसइइ परीक्षा उर्तिण गरेका हेटौंडा-८ का कृष्ण बस्नेतलाई सोमबार हेटौंडा उपमहानगरपालिकाका प्रमुख मिना कुमारी लामाले ल्यापटप हस्तान्तरण गरेकी हुन् ।

उनको नियमित अध्यनमा सहयोग पुऱ्याउनका लागि उपमहानगरले डेलको आइ थ्रि लेपटप दिएको हो । चितवनको भुवानी क्याम्पसमा कक्षा-११ मा अध्ययनरत बस्नेतले ल्यापटप दिएकोमा उपमहानगरका प्रमुख लामालाई धन्यवाद दिए । अन्य पालिकहरूवाट पनि आफुसँग पढ्ने साथीहरूले इलोक्ट्रोनिक उपकरण पाएपछि आफुले पनि यहाँ ल्यापटप माग गरेको उनले बताए ।

नगर प्रमुख लामाले दृष्टिविहीन बस्नेतलाई आगामी शैक्षिक यात्राको शुभकामना दिइन् । उनले उपमहानगरले शैक्षिक सुधारसँगै गरिब र असहाय विद्यार्थिहरूका लागि शैक्षिक सहयोगका कार्यक्रमहरू सञ्चालन गरिरहेको जानकारी दिइन् ।




समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# थाहानगर राहत शिक्षक समितिको अध्यक्षमा बस्नेत निर्वाचित

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका भित्र रहेका राहत शिक्षक समितिको दोश्रो अधिवेशनबाट नगर अध्यक्षमा छमकला बस्नेत निर्वाचित भएकी छन्। १३ फागुनमा थाहाको सेतिगणेश आधारभूत विद्यालयमा भएको अधिवेशनले १३ सदस्यीय राहत शिक्षक समिति निर्वाचित भएको हो।

समितिको उपाध्यक्षमा इन्द्रनाथ सापकोटा, सचिब चन्द्र प्रसाद बराल, सहसचिव ललिता गुरूङ, कोषाध्यक्ष मेरिना केसी निर्वाचित भए। समितिको सदस्यहरूमा जोग बहादुर घलान, सुनकेशरी गोपाली, सुशीला भुजेल, मनमाया गुरूङ, कोपिला भेटवाल, राजेन्द्र विष्ट, रूपा न्यौपाने र दिपकराज वर्तौला सर्वसम्मत निर्वाचित भए।

राहत शिक्षक थाहानगर समितीका अध्यक्ष केशव सुवेदीको अध्यक्षतामा सम्पन्न अधिवेशनमा शिक्षक महासंघका केन्द्रिय सदस्य सानोभाइ कार्कीको प्रमुख आतिथ्यता रहेको थियो। नेपाल राहत शिक्षक मकवानपुर जिल्ला अध्यक्ष हरी पौडेलको विशिष्ट आतिथ्यमा भएको अधिवेशनमा शिक्षक महासंघ थाहानगरका अध्यक्ष राजाराम कार्कीलगायत विभिन्न शिक्षक संघ संगठनका प्रतिनिधि तथा राहत शिक्षकहरूको उपस्थिति रहेको थियो।

अधिवेशनमा वक्ताहरूले राहत शिक्षकहरूको समस्याका विषयमा सरकार गम्भीर बन्नु पर्ने बताएका थिए।


## थाहा नगरपालिकाको सार्वजनिक सूचना।

- नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
- घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं।
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर


# बाल सहजकर्ता र सम्पर्क व्यक्तीलाई तालिम

◆ विकास संवाददाता

बालमैत्री पालिका घोषणाको तयारीमा जुटेको हेटौंडा उपमहानगरपालिकाले नगर र बिभिन्न वडाहरूका सहजाकर्ता तथा वडाका सम्पर्क व्यक्तीका लागि तालिम सञ्चालन गरेको छ। २०८० सम्म बालमैत्री घोषणाको तयारीमा रहेको उपमहानगरले नियुक्त गरेको १ नगर र १९ वडाका २० जना सहजकर्ता सहित सम्पर्क व्यक्तीहरूलाई वालमैत्री स्थानिय शासन सम्बन्धी क्षमता विकास तालिम दिएको हो।

तालिमका क्रममा सजकर्ताहरूलाई नगरका बिभिन्न वडामा रहेका घरहरूमा रहेको बालवालिकाको तथ्याङ्क संकलनका क्रममा गर्ने समन्वय तथा सहजिकरणका बिषयमा जानकारी गराइने उपमहानगरका महिला तथा वालवालिका महाशाखा प्रमुख बिष्णुकुमारी लामिछानेले बताइन्।

उपमहानगरले हाललाई असार मसन्त सम्मका लागि नियुक्त गरेको सहजकर्ता टोलीलाई तालिमसँगै काममा परिचालन गरीने छ। तालिममा हेटौंडा उपमहानगरका प्रमुख तथा वालमैत्री स्थानिय शासन नगर समन्वय समितिका संयोजक मिनाकुमारी लामाले नगरले लिएको लक्ष्यलाई पुरा गर्ने जिम्मेवारी दृढताका साथ पुरा गर्न निर्देशन दिइन्। उपमहानगरले दिएको जिम्मेवारीलाई गम्भिर रूपमा लिर्दै समाज रूपान्तरणको काममा सक्रियताका साथ लाग्नु पर्ने बताइन्। उनले अनुशासित र मर्यादित भएर काममा लाग्दै नगरको विकासमा सहयोग पुऱ्याउने जोड दिइन्। उनले कामको गर्ने क्रममा समाजसँगै जोडिनका लागि जनप्रतिनिधीको आवश्यकता रहने भएकाले उनिहरूको सल्लाह सुझाब अनुसार काम गर्न सुझाब दिइन्। जनताबाट अनुमोदित भएको जनप्रतिनिधीलाई अटेर गर्ने काम नगर्न उनको भनाई थियो। उपमहानगरमा जागिर खुवाउन सहयोग गरेको भन्दै आउँनेको कुरा नसुनि आफ्नै क्षमताले छनौंट भई काममा लागेको बुझ्न आग्रह गर्दै परनिर्भर होइन आत्मनिर्भर भएर काममा लाग्न नगर प्रमुख लामाले जोड दिइन्। चार दिन सम्म सञ्चालन हुने तालिममा वालमैत्री शासनका राष्ट्रिय प्रशिक्षक विष्णुप्रसाद चौरेल प्रशिक्षक रहेका छन्।

कार्यक्रम हेटौंडा उपमहानगरपालिका हेटौंडा उपमहानगरका प्रमुख तथा वालमैत्री स्थानिय शासन नगर समन्वय समितिका संयोजक मिनाकुमारी लामाको अध्यक्षतामा भएको थियो। उपमहानगरले बालमैत्री नगर घोषणाका लागि १ नगर सहजकर्ता, १९ वडा सहजकर्ता र ३० जना तथ्याङ्क संकलक गरी ५० जनालाई नियुक्त गरेको छ। सरकारले २०८७ सम्म नेपाललाई बालमैत्री राष्ट्र घोषणा गर्ने लक्ष्य कार्यान्वयनका लागि उपमहानगरले अभियान सञ्चालन गरेको हो। कार्यक्रममा १९ वटै वडाका निर्वाचित सदस्यहरू वडा सम्पर्क व्यक्तीका रूपमा तोकिएको छ।

कम्यूनिटी एक्सन सेन्टर-नेपालको आयोजनामा तथा हेटौंडा उपमहानगरपालिकाको सहयोगमा भएको कार्यक्रममा नगर वाल अधिकार समितिका सदस्य सुरज बर्तौला, महिला तथा वालवापलिका महाशाखाका बिना थिके सहितको आतिथ्यता रहेको थियो।


## जातीय विभेदको अन्त्य गरौं!

- जातीय आधारमा नभई मानिसको ज्ञान, सीप र कर्मको कदर गरौं।
- मानिसको श्रेष्ठता उसको आचरणले निर्धारण गर्दछ।
- कर्मद्वारा मानिसको श्रेष्ठता कायम गरौं।
- जातीय विभेदले पैदा गरेको अन्धविश्वासमा नपरौं।
- छुवाछुत र भेद्भावजन्य कार्य दण्डनीय हो, सचेत रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने वित्तिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो, एफ.आई.पि.भी., डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी., पि.सि.भी., दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला, टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं।

खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

थाहा नगरपालिका
स्वास्थ्य शाखा